# पवित्रता





तपाईँका स्वर्गीय पिताले तपाईँलाई माया गर्नुहुन्छ र आज र सदाका लागि तपाईं खुशी बन्नुहोस् भन्ने चाहनुहुन्छ । तपाईँलाई सहयोग गर्न उहाँले आफ्ना अगमवक्ताका माध्यमबाट निर्देशन र आज्ञाहरू दिनुभएको छ । तपाईँको शान्ति र खुशीका लागि सम्भोगात्मक पवित्रताका सम्बन्धमा रहेको उहाँको एक प्रमुख आज्ञा पवित्रताको नियम हो । परमप्रभुले यो नियम सुरूदेखि नै निर्देशित गर्नुभएको हो र उहाँले येशू ख्रीष्टको सुसमाचारको पुनर्स्थापनाको एक अंशका रूपमा यसको महत्वलाई जोड दिँदै अगमवक्ता जोसेफ स्मिथलाई बताउनुभयो । पछिल्ला दिनका सन्तहरूको येशू ख्रीष्टको चर्चमा बप्तिस्मा लिनका लागि यो आज्ञाप्रतिको आज्ञाकारिता आवश्यक शर्त हो ।


## पवित्रताको नियम भनेको के हो ?

पति र पत्नी बीचको शारीरिक सम्बन्ध उहाँका सन्ततीहरूका लागि परमेश्वरको योजनाको एक सुन्दर र पवित्र अंश हो । यो जीवन सृष्टिमा सहभागी बन्न विवाहभित्र प्रकट गरिने प्रेमको प्रस्तुति हो । यो पवित्र शक्ति वैधानिक रूपमा विवाह बन्धनमा बाँधिएका पुरूष र महिला बीचमा मात्रै प्रकट गरिनुपर्छ भनेर परमेश्वरले आज्ञा दिनुभएको छ । पवित्रताको नियम पुरूष र महिला दुवैमा लागु हुन्छ । यसले विवाह पूर्वको सम्भोगात्मक सम्बन्धलाई पूर्ण अनुपस्थित र विवाह पश्चात् केवल एक श्रीमान् वा श्रीमतीमा पूर्ण लिन र विनम्र बन्ने कुरालाई समावेश गर्छ ।

*पवित्रताको नियमले पुरूष र महिला बीचको सम्भोगात्मक सम्बन्ध विवाहका लागि सुरक्षित राखिनुपर्छ भनेर आवश्यक ठान्छ ।*

विवाहका लागि सम्भोगात्मक परिस्कृततालाई थप रूपमा स्थापित् गर्न, हामीले हाम्रा विचारहरू, शब्दहरू र कार्यहरूलाई नियन्त्रण गरेर पवित्रताको नियमको पालना गर्छौं । येशू ख्रीष्टले सिकाउनुभयो, “तिमीहरूले यसो भनेको सुनेका छौ, ‘तैँले व्यभिचार नगर्नू ।’ तर म तिमीहरूलाई भन्छु, जसले कोही स्त्रीलाई कामवासनाको इच्छाले हेर्छ, त्यसले अघिबाटै आफ्नो हृदयबाट व्यभिचार गरिसकेको हुन्छ ।” (मत्ती ५:२७-२८) ।





## *मैले पवित्रताको नियमलाई किन पालना गर्नुपर्छ ?*

तपाईँलाई सुरक्षित राख्न र आशीषित गर्न तपाईँका स्वर्गीय पिताले पवित्रताको नियम दिनुभएको छ । सबै पवित्र चीजहरू जस्तै भौतिक आचरण पनि परमेश्वरको निर्देशन अनुसार नै प्रकट गरिनुपर्छ । जसै तपाईँले पवित्रताको नियमको पालना गर्नुहुनेछ, तपाईँले खुशी, शान्ति र आत्म-सम्मानको महसुस गर्नुहुनेछ । तपाईँले तपाईँका पारिवारिक सम्बन्धमा विश्वासको महसुस गर्नुहुनेछ र तपाईँले आत्म-नियन्त्रणको आशीष पाउनुहुनेछ । तपाईँले पवित्र आत्माको प्रभावबाट येशू ख्रीष्टको सुसमाचारका आशीषहरू प्राप्त गर्नुहुनेछ ।

विवाह बाहिरका सम्भोगात्मक क्रियाकलापहरू स्वीकार्य र इच्छित हुन् भनेर सैतानले मानिसलाई विश्वास गर्न लगाउँछ । तरपनि यो सम्वेदनशील पाप हो; परमेश्वरले उहाँका सन्ततीहरूलाई सधैँ असल चरित्रवान् र पवित्र बन्न सिकाउनुभयो (हेर्नुहोस् प्रस्थान २०:१४ र आल्मा ३९:३-५) । यो सिद्धान्त अनन्त छ ।

पवित्रताको नियमलाई उल्लङ्घन गर्नु भनेको जीवन सृष्टि गर्न परमेश्वरले दिनुभएको शक्तिलाई दुरूपयोग गर्नु हो; यसले उहाँ र उहाँका सन्ततीप्रति असम्मान देखाउँछ । यसले आत्मिक रूपमा पतित बनाउँछ र प्रायश: बेखुशी, हृदयविदारकता, सम्बन्ध विच्छेद, रोग र गर्भपतनतर्फ अगुवाइ गर्छ । यो नियमको उल्लङ्घन गर्नेहरू सैतानको महान् प्रभावबाट प्रभावित छन् । यो पापले परिवारका सदस्यहरू र अरूहरूलाई पनि नराम्ररी प्रभाव पार्छ ।

*पवित्रताको नियमको पालना गर्दा तपाईँले पाउनुहुनेछः*

- *तपाईंका जीवनमा पवित्र आत्मालाई आमन्त्रण गर्नुहोस् ।*
- *तपाईँले आत्म-नियन्त्रणको अभ्यास गर्दा महान् आत्म-सम्मानको विकास गर्नुहुन्छ ।*
- *तपाईँका सम्बन्धमा महान् विश्वास राख्नुहोस् ।*
- *तपाईँ वरिपरि भएकाहरू प्रतिको माया बढ्छ ।*

## मैले पवित्रताको नियमलाई कसरी पालना गर्न सक्छु ?

परमेश्वरले उहाँका सन्ततीहरूबाट उच्च नैतिक तहको अपेक्षा राख्नुहुन्छ। पवित्रताको नियम पालना गर्न, तपाईंले अपरिस्कृत विचारहरू, शब्दहरू र कार्यहरूलाई पूर्णताले प्रतिस्थापन गर्नुपर्छ। निम्न सिद्धान्तहरूले तपाईंलाई सहयोग पुऱ्याउनेछन्।

**विचारहरू:** सकारात्मक र निर्माणात्मक विचारहरूले तपाईंको जीवनका नकारात्मक र अपरिस्कृत विचारहरूलाई हटाइदिनेछन्। जसै तपाईंले पूर्णताका विचार र क्रियाकलापहरूले आफ्नो जीवनलाई भरिपूर्ण बनाउनुहुनेछ तपाईंले आफूमा नकारात्मक विचार प्रतिस्थापन गर्ने र विजय पाउने विकसित गर्नुहुनेछ। धर्मशास्त्रहरू पढ्नाले, तपाईंको परिवारको सेवा गर्नाले, लगनशील बनेर काम गर्नाले अनि मनोरञ्जनात्मक क्रियाकलापहरूमा पूर्ण रुपमा संलग्न हुनाले तपाईंलाई तपाईंको विचारहरूमा नियन्त्रण गर्न सहयोग मिल्नेछ।

> *"असल प्रवृत्तिले तपाईंको विचारलाई पूर्ण रूपमा आवरण गर्न दिनुहोस्; त्यसपछि तपाईंको दृढता परमेश्वरको उपस्थितिमा रहन योग्य हुने गरी मजबुत बन्नेछ।"*
>
> **सि र क १२१:४५**

सबै प्रकारका अस्लिलता हटाउनुहोस्। यो लत सिर्जना गर्नु विनाशकारी हुन्छ। यसले तपाईंको आत्म-सम्मान र जीवनको सुन्दरता प्रतिको प्रसंशालाई लुट्नेछ। तपाईंको मस्तिष्कमा कुसोच वा विचार वा आकृतिलाई स्थान नदिनुहोस्। मानव शरीर वा सम्भोगात्मक व्यवहारलाई अनादरणीय तरीकाले प्रकट वा वर्णन गर्ने कुनै पनि कुराहरूलाई नहेर्नुहोस्, नपढ्नुहोस् वा नसुन्नुहोस्। अरूहरूलाई पतित विचारले हेर्ने कुरालाई परित्याग गर्नुहोस् र यस्ता कुरालाई निर्देशित वा प्रेरित गर्ने चलचित्र, टेलिभिजन दृष्य, इन्टरनेटका साइट, सङ्गीत, पुस्तकहरू, पत्रपत्रिका र क्रियाकलापहरूलाई परित्याग गर्नुहोस्।





**शब्दहरू:** तपाईँका शब्दहरूले अरूहरूलाई माथि उठ्न र मजबुत बन्न सहयोग गर्न दिनुहोस् । तपाईँको वार्तालापबाट होच्याउने, अपरिस्कृत र सम्भोगबाट प्रेरित, हसिमजाकका शब्दहरू हटाउनुहोस् ।

**कार्यहरू:** अरूलाई सधैँ सम्मानपूर्वक व्यवहार गर्नुहोस् । तपाईँको पोषाक पहिरनमा सभ्य बन्नुहोस् । यदि तपाईँले हरेक व्यक्ति परमेश्वरको सन्तान हो भनेर सम्झनुभयो र अरूहरूलाई उहाँको योजनालाई अनुशरण गर्न आफूले सकेको सहयोग गर्नुभयो भने पवित्रताको नियम पालना गर्ने तपाईँको चाहनालाई मजबुत पारिनेछ ।

तपाईँले वैवाहिक सम्बन्धमा मात्रै व्यक्त गर्नुपर्ने प्रभावशाली उत्तेजनालाई वैवाहिक सम्बन्ध बाहिर प्रकट गर्नुहुने छैन भनेर अहिले नै तय गर्नुहोस् । अरू कोही वा तपाईँ स्वयंमा यस्ता उत्तेजना नजगाउनुहोस् । समलिङ्गी वा परस्त्री गमन वा अन्य अनैतिक क्रियाकलापहरूमा सहभागी नहुनुहोस् । तपाईँलाई पवित्रताको नियम उल्लङ्घन गर्न प्रलोभित पार्ने क्रियाकलापको सट्टामा दृढता विकास गराउने खालका क्रियाकलाप र बानीहरूलाई प्रतिस्थापित् गर्नुहोस् । विवाहमा विचार र कार्यमा तपाईँको दम्पत्ती प्रति पूर्णरुपमा आस्थावान् बन्नुहोस् ।

पवित्रताको नियमको पालनाले तपाईँलाई परमेश्वरको नजिकमा पुऱ्याउने हुनाले सैतानले तपाईँलाई यो आज्ञा उल्लङ्घन गर्न प्रलोभन दिन्छ। तपाईँ कहिले एक्लै, द्विविधा वा खिन्न हुनुहुन्छ भनेर उसलाई थाहा छ र तपाईँ कमजोर भएको बेला उसले तपाईँलाई प्रलोभन दिन्छ। सहयोगका लागि तपाईँका स्वर्गीय पितालाई प्रार्थना गर्नुहोस् र उहाँले तपाईँलाई प्रलोभनका विरुद्ध लड्ने शक्ति दिनुहुनेछ (१ कोरिन्थी १०:१३ हेर्नुहोस्)। जसै तपाईँ उहाँमा आश्रित हुनुहुन्छ र यी सिद्धान्तहरूको पालना गर्नुहुन्छ तपाईँ प्रलोभनमाथि विजय प्राप्त गर्न सक्षम हुनुहुनेछ।

## *पवित्रताको नियम पालना गर्नाले प्राप्त हुने आशीषहरू*

जसै तपाईँले पवित्रताको नियमको पालना गर्नुहुनेछ, तपाईँ पवित्र आत्माको प्रभावका लागि अझै खुल्ला हुनुहुनेछ। पवित्र आत्माको निर्देशनसँगै, तपाईँले महान् ज्ञानको विकास गर्नुहुनेछ, महान् साहसका साथ चुनौतीहरूको सामना गर्नुहुनेछ, तपाईँको जीवनमा परमेश्वरको सहयोग र निर्देशनको अनुभव गर्नुहुनेछ र तपाईँको परिवार र अरूहरूका लागि उदाहरण बन्नुहुनेछ। तपाईँसँग भएको तपाईँको दम्पत्ति र प्रियजनप्रतिको माया प्रगाढ, महान् र अझै अर्थपूर्ण हुनेछ। तपाईँले शान्तिको महानता महसुस गर्नुहुनेछ।



*भूतकालमा तपाईँले जे गरेको भए तापनि यदि तपाईँले आज देखि नै पवित्रताको नियमको पालना गर्न सुरु गर्नुभयो भने तपाईँका लागि महान् आशीषहरू उपलब्ध हुनेछन् ।*

धर्मशास्त्रहरूमा हामीले परमेश्वरका आज्ञाहरूको पालना गर्नाले सही खुशी आउँछ भनेर सिक्छौं (हेर्नुहोस् मोसाया २:४१) र "दुष्चरित्र कहिल्यै पनि खुशी थिएन" -आल्मा ४१:१०) ।

यदि तपाइँले पवित्रताको नियमको उल्लङ्घन गर्नुभएको छ भने, परमेश्वरले तपाइँका लागि पश्चात्ताप गर्ने र पुनः पवित्र बन्ने सम्भावना दिनुभएको छ । भूतकालका कुनै पनि उल्लङ्घनहरू बारे आजै पश्चात्ताप गर्नुहोस् र यो पवित्र नियमको पालना गर्न प्रतिवद्ध हुनुहोस् । येशू ख्रीष्टको प्रायश्चित्त र सही पश्चातापबाट तपाइँले क्षमा पाउन सक्नुहुन्छ र शान्तिको महसुस गर्न सक्नुहुन्छ ।

## थप अध्ययन

तलका प्रश्नहरू र धर्मशास्त्रहरूले यो पाम्प्लेटका सिद्धान्तहरू बारे थप जानकारी लिन सहयोग गर्नेछन् । यी धर्मशास्त्रहरूका लघुसूची र सन्दर्भ सामग्रीहरूले यी सिद्धान्तहरूका बारेमा थप पेज र स्रोतहरू तर्फ अगुवाइ गर्नेछन् ।

### पवित्रताको नियम पालना गर्ने भन्नाले के बुझिन्छ ? यो नियम किन महत्वपूर्ण छ?

प्रस्थान २०:१४ (बाइवल, पुरानो करार)

हितोपदेश ६:२७-३२ (बाइवल, पुरानो करार)

तीतस २:११-१२ (बाइवल, नयाँ करार)

आल्मा ३९:३-५ (मरमनको पुस्तक, पेज ३०६)

३ निफाई १२:२७-३० (मरमनको पुस्तक, पेज ४३२; नयाँ करारको मत्ती ५:२७-३०मा पनि हेर्नुहोस् ।)

"परिवार: संसारका लागि एक घोषणा" (धर्मप्रचारकहरू वा चर्चको कुनै एक सदस्यले निम्न लिखित यो दस्तावेज र *True to the Faith* and *For the Strength of Youth*, को एक प्रति प्राप्त गर्न तपाइँलाई सहयोग गर्न सक्नुहुन्छ । तपाइँले तिनीहरूलाई अनलाइन www.mormon.org मा पनि पाउन सक्नुहुन्छ ।)

पवित्रता, *True to the Faith*

### पवित्रताको नियम पालना गर्न आवश्यक पर्ने शक्ति मैले कसरी प्राप्त गर्न सक्छु ?


१ कोरिन्थी १०:१३ (बाइवल, नयाँ करार)

मोसाया ४:२९-३० (मरमनको पुस्तक, पेज १५७)

आल्मा ३८:१२ (मरमनको पुस्तक, पेज ३०५)

*For the Strength of Youth* पाम्प्लेट

# म के गरौं ?




- मरमनको पुस्तक निरन्तर रुपमा अध्ययन गर्नुहोस् ।
  पढ्नका लागि दिइएका सुझावहरू: ______________________

  ______________________
- पवित्रताको नियमको पालना गर्नुहोस् । यो आज्ञाको पालना गर्न आवश्यक पर्ने सहयोगका लागि प्रार्थना गर्नुहोस् ।
- यो आइतबार चर्चमा सहभागी हुनुहोस् ।
- बप्तिस्माका लागि तयारी गर्ने कुरालाई निरन्तरता दिनुहोस् ।
  बप्तिस्माका लागि मिति: ______________________
- पछिल्ला दिनका सन्तहरूको येशू ख्रीष्टको चर्चका बारेमा थप जानकारी लिन www.mormon.org हेर्नुहोस् ।
- पुनरुत्थापित् सुसमाचारका बारेमा थप जानकारी लिन धर्मप्रचारकहरूलाई भेट्ने कुरालाई निरन्तरता दिनुहोस् ।

  अर्को भेट गर्ने मिति: ______________________

  धर्मप्रचारकहरूको नाम र फोन नम्बर:

  ______________________

  ______________________

  ______________________

  ______________________

THE CHURCH OF
JESUS CHRIST
OF LATTER-DAY SAINTS

www.mormon.org.uk

**आकृति लाभ**
अगाडिको पृष्ट, Hear Ye Him बाट विस्तृत जानकारी सिमोन डिवेद्वारा । Simon Dewey मा
पेज ६, The Savior, डेल पर्सनद्वारा Del Parson मा
पेज २, ५, ९, १०, १३ स्टिभ बन्डर्सनद्वारा Steve Bunderson मा
© 2007 by Intellectual Reserve, Inc. सर्वाधिकार सुरक्षित । यू.एस्.ए.मा मुद्रित ।
अङ्ग्रेजी अनुमोदन: २/०६ । अनुवाद अनुमोदन: २/०६ । पवित्रताको नियमको अनुवाद । भाषा 12356 372

NEPALI
4 02123 56372 9
12356 372